जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २९३ • २०८२ श्रावण २७ गते मंगलवार • 12 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## मनसुनी वर्षाले धान रोप्न पाए पनि मल अभावमा बाली पहेलिने चिन्तामा किसान

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ श्रावण**





साउन अन्त्यतिर मधेसको खेतमा हरियाली फर्केको छ। मनसुनी वर्षा ढिलै भए पनि किसानको अनुहारमा केही हदसम्म मुस्कान देखिएको छ। केही साता अघिसम्म धाँजा परेका खेतमा धान रोपिएको छ। यही भएर होला प्रधानमन्त्री केपी शर्मा ओलीले हरिया तस्बिर पोस्ट गर्दै खेतबारीमा हरियो सपना लहराउने आशा राखेका छन्। तर किसान भने अझै ढुक्क हुन सकेका छैनन्।

मनसुनी वर्षाले धान रोप्न पाए पनि मल अभावमा बाली पहेलिने चिन्तामा उनीहरू छन्। 'प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेको जस्तै अहिले खेतमा हरियाली छाएको छ,' पर्साको वीरगन्जका किसान रामकिशोर पन्जियार भन्छन्, 'तर समयमै युरिया मल नपाउँदा धानखेती पहेलिने चिन्ता छ।' रोप्ने बेलामा डिएपी र युरिया दुवै मल खेतमा हाल्न नपाएका उनले अहिले पनि मल अभाव रहेको बताए। मल अभावमा हरियो धान पहेंलो हुने चिन्ताले सताएको उनले बताए। यो समस्या उनको मात्र हैन, सबैको हो। हरेक वर्ष तराईमा धान रोप्ने बेलामा बिउ र मल अभाव हुने गरेको छ। 'बरु आकाशे पानीको भर छ,' किसान पन्जियारले भने, 'तर सरकारले सममयमै बिउँ र मल दिनेमा भर छैन।' सीमापारि भारतबाट मल ल्याए तस्करी गरेको भनेर सरकारले समाउने गरेको भन्दै उनले पैसा भएर पनि मल किन्न नपाएको गुनासो गरे। 'आठ सय रुपैयाँमा पाइने युरिया मलको बोरा १५ सय तिर्न खोज्दा पनि पाइएको छैन,' उनले भने, 'किसानका लागि यो भन्दा दुःखको कुरा के हुन्छ ?' प्रधानमन्त्री ओलीले आइतबार सामाजिक सन्जालमा गरेको पोस्टमा मलभन्दा पनि मनसुनको कुरा धेरै छ। 'यस वर्षको खडेरीले अन्नभण्डार तराईका खेत धाँजा परेर रोपाइँ गर्नै नसक्ने अवस्था आयो।

रोपाइँ भएका खेतमा पनि सिँञ्चाइ अभावले रोपो मर्न थालेको थियो,' प्रधानमन्त्री ओलीले लेखेका छन्, 'पछिल्लो साता हामीलाई प्रकृतिले साथ दिएको छ। वर्षाले फेरि हरियाली फर्काउन थालेको छ।' प्रधानमन्त्रीले साउन २३ गतेसम्म मधेस प्रदेशका आठ जिल्लामा ७६ दशमलव ५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको जानकारी दिएका छन्। 'केही दिनमै सम्पूर्ण खेतबारीमा हरियो सपना लहराउनेछ भन्ने आशा छ,' उनले लेखेका छन्, 'जय किसान !' तर किसानको जय हुन सकेको छैन। ढिलै भए पनि मनसुनी वर्षाले तराईका खेतबारी हरियाली भए पनि किसानको मुहारमा पर्याप्त खुसी छैन। धान सप्रँदै गएका बेला मल हाल्न नपाउँदा पहेलिने खतरा बढेको छ। मधेसमा धान रोप्ने बेला मलको समस्या केवल यस वर्ष मात्र होइन, विगतका वर्षमा पनि हुन्थ्यो। यसमा कृषि मन्त्रालयले ध्यान दिन सकेको छैन। यो वर्ष मल अभाव नहुने भनेको मन्त्रालयले साउन अन्तिम सातासम्म पनि किसानलाई चाहिने मल उपलब्ध गराउन सकेको छैन। युरिया, डिएपी, पोटास लगायतका रासायनिक मल समयमै नपाउँदा उत्पादन पनि घट्दै गएको छ। 'वर्षौंदेखि यस्तै समस्या दोहोरिन्छ तर सरकारको ठोस पहल देखिँदैन,' वीरगन्ज-३२ का विजय पन्जियारले भने, 'समयमै मल नपाउँदा हाम्रो परिश्रम र लगानी दुवै पानीमा जान्छ।' सरकारले बाली लगाउने बेलामा रासायनिक मल अभाव हुने नदिने वाचा हरेक वर्ष गर्छ। प्रधानमन्त्री र मन्त्रीले मल कारखाना खोल्ने भाषण गर्न थालेको पनि वर्षौं हुँदा पनि त्यो यर्थाथमा परिणत हुन सकेको छैन। बेलैमा मल आयात गरी वितरण गर्न सरकारले बर्सेनि चुकेको छ।

## कमला नदीको पक्की पुल १४ वर्षदेखि अधुरै

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ श्रावण**



सिराहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पक्की पुल १४ वर्षदेखि अधुरै छ। विसं २०६८ मा तीन वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको चार सय ६९ मिटर लामो पुल अहिलेसम्म निर्माण सम्पन्न नहुँदा स्थानीयवासी बर्सेनि सास्ती भोग्न बाध्य छन्।

पुल नबन्दा स्थानीयले अस्थायी रूपमा बनाइएको बाँस वा काठको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ। यही साउनको तेस्रो हप्तामा आएको बाढीले बाँसको अस्थायी पुल बगाएपछि आवतजावत ठप्प भएको थियो। हाल पुनः काठको संरचना बनाएर आवतजावत केही सहज बनाइएको भए पनि जोखिम यथावत् छ। सिराहा - ६ का प्रवीण यादव भन्नुहुन्छ,"पुल नबन्दा हामी वर्षौंदेखि सास्ती भोग्दै आएका छौं। अहिले बनाइएको काठे संरचना जोखिमपूर्ण छ, तर त्यही बाटो भएर हामी हिँड्न बाध्य छौँ। मोटरसाइकलसहित यात्रा गर्दा झन् डर लाग्छ, तर विकल्प छैन। त्यसमा पनि यात्रुहरूमाथि मनपरी शुल्क असुली भइरहेको छ।" नगरपालिकाले निःशुल्क सञ्चालनको दाबी गरे पनि रु. ५० सम्म तिर्नुपरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पहिले ठेक्का सम्झौताअनुसार रु. २० लिइन्थ्यो, अहिले त्यो पनि हटेको भनिए तापनि व्यवहारमा शुल्क झनै बढेको छ। जनतामाथि दोहोरो भार परेको छ एकातिर जोखिमपूर्ण यात्रा, अर्कातिर अनियमित शुल्क असुली।" पुल निर्माणको जिम्मा पहिले पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो। पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको हो। तर बाढीले दुई पाया भासिएपछि आवश्यक मर्मतका लागि आठ करोडको बिमा रकम नपाएको कारण देखाउँदै कम्पनीले पछिल्लो एक महिनादेखि काम रोकिदिएको छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी इञ्जीनियर रञ्जितकुमार रायका अनुसार निर्माण कम्पनीले तोकिएको म्यादमै काम रोकेकाले ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई पनि कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ। सिराहा–६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार, पुल नहुँदा बाढीपछिको समयमा पैदलयात्रुले बाँसको भऱ्याङ चढेर वा डुङ्गाबाट नदी पार गर्नुपर्ने अवस्था छ। कमला नदीमाथिको पुल अधुरो रहँदा हरेक वर्षको वर्षायाम स्थानीयवासीका लागि चुनौती बनेको छ।

## धनुषा ग्यास व्यवसायी संघको भवन शिलान्यास, ४५ लाख लागतमा बन्ने

**अपि साह**
**जनकपुरधाम, २६ श्रावण**



नुषा ग्यास व्यवसायी संघको कार्यालय भवनको बिहान जनकपुरधाम वार्ड १२ मा शिलान्यास गरिएको छ। उपमहानगरपालिका प्रमुख मनोजकुमार साहको प्रमुख आतिथ्यतामा र संघ अध्यक्ष फुलदेव पण्डितले संयुक्त रूपमा शिलान्यास गरे। कार्यक्रममा नगरप्रमुख साहले भने, "ग्यास दैनिक उपभोग्य वस्तु भएकाले यससँग सम्बन्धित संस्थाको कार्यालय स्थापना हुनु जनकपुर धाम बासिका लागि खुशीको कुरा हो। भवन निर्माण सम्पन्न भएपछि सामाजिक कार्यका साथै सेवा प्रवाह अझ सहज र व्यवस्थित हुनेछ।" त्यस्तै, संघ अध्यक्ष फुल्देव पण्डितले भने, "झन्डै ४५ लाख रुपैयाँ लागतमा बन्ने यो भवनमा मिटिङ हल सहित आवश्यक कार्यालय कोठाहरू रहनेछन्। यो भवन ग्यास व्यवसायी तथा उपभोक्ताको हकहितमा प्रभावकारी रूपमा प्रयोग हुनेछ।" स्थानीय सरोकारवालाले यो भवनले जनकपुरधाममा ग्यास व्यवसायीहरूको संगठनात्मक संरचना मजबुत बनाउन र सेवाहरू अझ पारदर्शी बनाउन टेवा पुर्याउने विश्वास व्यक्त गरेका छन्।

शिलान्यास स्थलमा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी ,स्थानिय नागरिक समाज, व्यापारी लगायतका सहभागिता रहेका थिए।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily



सम्पादकीय...................

# खडेरीबाट बच्न विविध रुखहरु रोपौं

वर्तमान परिवेशमा विविध प्रजातिका रुख तथा विरुवाहरु विभिन्न ठाउँहरुमा रोप्नु उपयोगि हुने देखिन्छ । यहाँ हिमाल, पहाड र तराईका विभिन्न पारिस्थितिका क्षेत्र रहेको छ । यहाँ १ हजार २ सय ४० भन्दा बढी प्रजातिका चरा, सरीसृप र स्तनधारी जीवहरू पाईरहेको देखिन्छ । तर २००७ सालदेखि २०२६ सम्मको समयमा जंगलको क्षेत्र धेरै घटेको देखिन्छ । यस अवधिमा काठ कटाइ, खेतीका लागि जमिन परिवर्तन र जनसंख्या वृद्धिका कारण जंगलहरू नष्ट भएको छ । जंगलको विनाशले जैविक विविधता र पर्यावरणमा ठूलो असर परेको देखिन्छ । यस समस्यालाई समाधान गर्न नेपालले २०१७ सालदेखि व्यवस्थित वन योजना सुरु गर्‍यो । दोस्रो पञ्चवर्षीय योजना (विसं २०२०-२०२२) मा वृक्षरोपणका लागि विशेष प्रयासहरू भए ।

विशेषगरी, एकै प्रकारका रूखहरू, जस्तै सल्ला, रोप्ने नीतिले समस्या निम्त्याएको देखिन्छ । सल्लाका रूखहरूले जैविक विविधता घटायो र वन्यजन्तुको विस्थापन भयो । यसले मानव-वन्यजन्तुहरुमा द्वन्द्व पनि बढेको देखिन्छ । नेपालको सामुदायिक वन व्यवस्थापनले विगतका पाठहरूबाट सिकेर दिगो पर्यावरण संरक्षणमा योगदान दिइरहेको देखिन्छ । फलफूलका रूखहरू र विविध प्रजातिका रूखहरू रोपेर जैविक विविधता र स्थानीय समुदायको जीविकोपार्जनमा सुधार भएको देखिन्छ । अन्तमा मधेश प्रदेशमा हाल आएको खडेरी संकटबाट बच्न र आउने समयमा यस्तो संकटलाई रोक्न विभिन्न फलफूलका रूखहरू र विविध प्रजातिका रूखहरू रोप्न नितान्त जरुरी रहेको देखिन्छ ।

# महोत्तरीमा आनन्द मार्गको डिट लेभल सेमिनार सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ श्रावण**



आनन्द मार्ग प्रचारक सङ्घ नेपाल महोत्तरी भुक्तिको आयोजनामा श्रावण २३ र २४ गते जलेश्वर नगरपालिका-२ स्थित जलेश्वरनाथ पार्टी प्यालेसमा दुई दिने डिट लेभल सेमिनार भव्य रूपमा सम्पन्न भएको छ । सेमिनारको अध्यक्षता भुक्ति प्रधान योगनारायण यादवले गर्नुभएको थियो । कार्यक्रममा आनन्द मार्ग प्रचारक सङ्घ नेपालका वरिष्ठ आचार्यहरू आचार्य सत्य देवानन्द अवधूत, आचार्या आनन्द कल्याण माया, आचार्या आनन्द धृति, आचार्य आनन्द सुब्रता लगायतको विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रममा नगर-कीर्तन, धर्मचक्र, ध्यान, अष्टाङ्ग योग साधना लगायत विविध आध्यात्मिक गतिविधिहरू सञ्चालन गरिएको थियो। सहभागीहरूले मानव जीवनको उद्देश्य, प्राण धर्म, आध्यात्मिक अनुशासन र साधनाको महत्वबारे गहिरो चर्चा गरेका थिए । आनन्द मार्ग प्रचारक सङ्घ नेपाल महोत्तरी भुक्तिका भुक्ति प्रधान योगनारायण यादवले "आनन्द मार्ग भनेको मानव जीवनलाई दिव्यतातर्फ लैजाने मार्ग हो," भन्दै यसले मानिसलाई बाह्य भन्दा भित्री शान्ति र सन्तुलनमा जोड्ने कुरा बताउनुभयो ।

कार्यक्रमको क्रममा २५ जना नयाँ साधकहरूलाई दीक्षा दिइएको थियो । उनीहरूलाई धर्म, आत्मा, जगत र परमसत्तासँगको सम्बन्धबारे गहिरो जानकारी दिइएको थियो । महोत्तरी भुक्तिबाट सुमन कुमार पौड्याल, अहिल्या शर्मा, अमरदीप शाह, सोगेन्द्र ठाकुर लगायतका साधकहरूको सहभागिता रहेको थियो भने धनुषा भुक्तिबाट भुक्ति प्रधान सिन्धु हमाल, सचिव हेमन्तलाल कर्ण, वरिष्ठ आनन्दमार्गी कृष्णदेव यादव, नारायण विश्वकर्मा, जय नन्दन सहनी लगायत नेपाल बार एसोसिएसन महोत्तरीका अध्यक्ष दीपक विश्वकर्मा कार्यक्रममा उपस्थिति रहेको थियो । कार्यक्रममा वक्ताहरूले साधना नै मानिसको धर्म भएको, मानव शरीर एक जैविक यन्त्र भएको र यसको सन्तुलित प्रयोगका लागि आध्यात्मिक अभ्यास आवश्यक रहेको बताउँदै "प्रगतिको मार्गमा साधना अपरिहार्य" भन्ने सन्देश दिएका थिए । कार्यक्रममा सामाजिक दर्शन 'PROUT' (Progressive Utilization Theory) का विषयमा समेत चर्चा गरिएको थियो । कार्यक्रमको समापनमा भुक्ति प्रधान योगनारायण यादवले "जीवनमा धन, पद, प्रतिष्ठाभन्दा आत्मिक शान्ति ठूलो हो। र, आनन्दमार्ग साधना नै मोक्ष प्राप्तिको उपाय हो," भन्ने सन्देश दिनुभयो । कार्यक्रम शान्तिपूर्ण रूपमा सफलताका साथ सम्पन्न भएको आयोजकले जानकारी दिएको छ ।




अनुरोधकर्ता
भू तथा जलाधार व्यवस्थापन कार्यालय
जलेश्वर,महोत्तरी, मधेश प्रदेश

# आकस्मिक बाढीले १ जनाको ज्यान गयो



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ श्रावण**

महोत्तरी जिल्लाको बलवा नगरपालिका-३, वदियास्थित रातु नदीमा आएको आकस्मिक बाढीले एक जनाको ज्यान गएको छ। मृतक महोत्तरी गाउँपालिका-३, डाम्हीका ३५ वर्षीय चन्दन ठाकुर रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले पुष्टि गरेको छ। ठाकुर पडौलमा ट्याक्टरको डिजल किनेर साइकलसहित घर फर्किदै थिए ।घर फर्किने क्रममा झोलुंगे पुल पार गर्ने प्रयासगर्दा उनि नदीमा खसेका थिए ।

स्थानीयवासीका अनुसार, उत्तरतर्फको लगातार वर्षाले रातु नदीमा पानीको बहाव अत्यधिक भएको थियो । "हामीले पुल पारी जान नदिन चेतावनी दिएका थियौं, तर उनी पिठ्युँमा साइकल बोकेर पार गर्न खोज्दा एक्कासि चिप्लिएर बगे," एकजना स्थानियले भने। उनलाई तत्काल उद्धार प्रयास भए पनि तीव्र पानीको बेगका कारण उनलाई बचाउन सकिएन । प्रहरी निरीक्षक नन्दकिशोर चौहानले शव प्रादेशिक अस्पताल जलेश्वरमा पोस्टमार्टम पछि सोमबार परिवारको जिम्मा लगाइएको जानकारी दिए ।

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अनावश्यक चिन्ता
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# मुख्य विपक्षी दलका नेता राहुल गान्धीसहित दर्जनौं सांसदलाई हिरासतमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ श्रावण




भारतको राजधानी नयाँदिल्लीमा प्रहरीले तल्लो सदनमा मुख्य विपक्षी दलका नेता राहुल गान्धी सहित दर्जनौं सांसदलाई हिरासतमा लिइएको जनाएको छ ।

मतदाता सूचीको विषयमा आपत्ति व्यक्त गर्दै निर्वाचन आयोगको ध्यानाकर्षण गर्न संसद् भवनबाट जाँदै गर्दा गान्धीको नेतृत्वमा भएका प्रदर्शनकारीहरूलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको हो । "निर्वाचन आयोगले ३० सांसदलाई भेटको अनुमति दिएको थियो। सांसदहरूको सङ्ख्या बढी भएकाले उहाँहरूलाई हिरासतमा लिइएको हो," वरिष्ठ प्रहरी अधिकारी देवेश कुमारले भने । अर्का एक प्रहरी अधिकारीका अनुसार "प्रदर्शनकारीहरूलाई पक्राउ गर्न" र "सञ्चारकर्मीहरूलाई निर्वाचन आयोगको मूलद्वारसम्म पुग्न नदिन" आदेश प्राप्त भएको थियो । विपक्षी दलहरूले बिहार राज्यमा मतदाता सूचीमा त्रुटि भएको भन्दै त्यसको गम्भीरता पूर्वक विशेष समीक्षा हुनुपर्ने मांग राख्दै आएका छन् ।

# भाइ फैसलको आरोपबारे आमिर खानको परिवारको स्पष्टीकरण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ श्रावण



आमिर खानका भाइ फैसल खानले केही समयअघि दिएको एक अन्तर्वार्तामा परिवारमाथि धेरै आरोप लगाएका थिए। उनले आमिर र परिवारले उनलाई एक वर्षसम्म कोठामा थुनेर राखेको बताएका थिए । 'आमिरले मलाई १ वर्षसम्म थुनेर राखे', भाइ फैसल खानले लगाए गम्भीर आरोपः तर, अब परिवारले एक विज्ञप्ति जारी गर्दै परिवारले चिकित्सा विशेषज्ञहरूको सल्लाहमा उनको मानसिक स्वास्थ्यको लागि केही कदम चालेको स्पष्ट पारेको छ।

यसलाई फैसलले पहिले पनि गलत रूपमा प्रस्तुत गरेको उनीहरूको भनाई छ । फैसल सिजोफ्रेनियाका बिरामी हुन् र उनलाई आफ्नो वरपरका मानिसहरूले उनलाई हानि पुऱ्याउन चाहन्छन् भन्ने लाग्न थालेको थियो। यसबाहेक, विज्ञप्तिमा परिवारले यो व्यक्तिगत कुरालाई गफको विषय नबनाउन अनुरोध गरेको छ। परिवारले जारी गरेको विज्ञप्तिमा लेखिएको छ, 'मिडियालाई संवेदनशीलता देखाउन अनुरोध गर्दै, फैसलले उनकी आमा जीनत ताहिर हुसेन, बहिनी निखत हेगडे र भाइ आमिरको बारेमा गरेको पीडादायी र भ्रामक चित्रणबाट हामी गहिरो दुःखी छौं। उनले यी घटनाहरूलाई गलत रूपमा प्रस्तुत गरेको यो पहिलो पटक नभएकोले, हामीलाई लाग्छ कि हाम्रो मनसाय स्पष्ट पार्नु र परिवारको रूपमा हाम्रो ऐक्यबद्धता दोहोर्याउनु महत्त्वपूर्ण छ।' यसमा थप लेखिएको छ- 'फैसलको बारेमा सबै निर्णयहरू परिवारले सामूहिक रूपमा, धेरै चिकित्सा विशेषज्ञहरूसँग परामर्श गरेर, र उनको भावनात्मक र मानसिक स्वास्थ्यको लागि केवल प्रेम, करुणा र विचारका साथ लिएको कुरा साझा गर्न महत्त्वपूर्ण छ।

# आजका लागि विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ श्रावण



नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्काअनुसार अमेरिकी डलर एकको खरिदर १३९ रुपैयाँ ९६ पैसा र बिक्रीदर १४० रुपैयाँ ५६ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिदर १६२ रुपैयाँ ९१ पैसा र बिक्रीदर १६३ रुपैयाँ ६१ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर १८८ रुपैयाँ २५ पैसा र बिक्रीदर १८९ रुपैयाँ ०६ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १७३ रुपैयाँ १९ पैसा र बिक्रीदर १७३ रुपैयाँ ९३ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ३४ पैसा र बिक्रीदर ९१ रुपैयाँ ७४ पैसा, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ७३ पैसा र बिक्रीदर १०२ रुपैयाँ १७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ८८ पैसा र बिक्रीदर १०९ रुपैयाँ ३५ पैसा निर्धारण गरिएको छ । जापानी येन १०को खरिदर नौ रुपैयाँ ४७ पैसा र बिक्रीदर नौ रुपैयाँ ५१ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ ४८ पैसा र बिक्रीदर १९ रुपैयाँ ५७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ २९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ४० पैसा र बिक्रीदर ३८ रुपैयाँ ५६ पैसा कायम भएको छ ।

# यू-२० महिला फुटबल : भारत र बंगलादेश एसियन कपमा छनोट, नेपाल फेरि असफल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ श्रावण



नेपालको सिनियर महिला राष्ट्रिय टोली एएफसी महिला एसियन कपमा छनोट हुन असफल भएको एक महिना मात्र बितेका थियो । नेपालको यू२० महिला राष्ट्रिय फुटबल टोली पनि सोही उमेर समूहको महिला एसियन कपमा छनोट हुन सकेन ।

जहिले पनि अन्तिम समयमा चुक्ने नेपाली महिला फुटबलको विगत छ। सिनियर टोली अन्तिम खेलमा उज्बेकिस्तानसँग पेनाल्टीसुटआउटमा पराजित हुँदा निकै नजिक पुगेर पनि एसिया कपमा छनोट हुन सकेन । सिनियरतर्फ नेपालको दुई छिमेकी भारत र बंगलादेशले महिला एसिया कपमा छनोट हुँदा नेपाल चुकेको थियो । जुनियरतर्फ पनि नेपालकै दुई छिमेकी भारत र बंगलादेशले फड्को मार्‍यो । दुवै टोली यू-२० महिला एसियन कपमा छनोट भयो। नेपाल भने फेरी छनोट हुन असफल रह्यो।

यू२० महिला एसियन कप छनोटमा नेपालको प्रदर्शन र नतिजा दुवै कमी भयो। नेपाली यू२० टोली सिनियर टोलीको जस्तो उत्कृष्ट प्रदर्शन समेत गर्न सकेन। भुटानमा आइतबार सम्पन्न छनोटको समूह ए मा नेपाल उत्तर कोरिया भन्दा पछि दोस्रो स्थानमा रह्यो। अंकतालिका नेपालले १ जित १ बराबरी र १ हारबाट ४ अंक जोड्यो । साविक विजेता र यू२० महिला विश्वकप विजेता समेत रहेको उत्तर कोरिया सबै ३ खेल जितेर ९ अंक जोड्दै समूह विजेता बनेर छनोट भयो । भुटान जानुअघि नेपालले नेपाल यू२० महिला एसियन कपमा छनोट हुने महात्वकांक्षी लक्ष्य राखेको थियो।



अनुरोधकर्ता
जलश्रोत तथा सिंचाई विकास डिभिजन
जलेश्वर,महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जनताको तटबन्ध कार्यालय जलेश्वर
महोत्तरी, मधेश प्रदेश

# डेमोक्रेसी कि 'जेरोन्टोक्रेसी' ?

-खासमा नेतृत्व पालो पर्खेर आउँदैन, यो त राजनीतिक, वैचारिक योग्यताका आधारमा मूल नेतृत्वलाई च्यालेन्ज गरेर लिने कुरा हो। प्रमुख पार्टीका शीर्ष नेतृत्वमा दल भनेको आफ्नै पेवा वा प्राइभेट कम्पनी हो भन्ने मनोवृत्ति छ, तिनमा पछिल्लो पुस्तालाई योग्यताका आधारमा अवसर दिने संस्कार नै छैन। राजनीतिशास्त्रमा एउटा चल्तीको अंग्रेजी शब्दावली छ, 'जेरोन्टोक्रेसी'। जसको सरल अर्थ हो, राजनीतिमा बूढाहरूको वर्चस्व। राजनीतिक निर्णयमा वृद्ध नेताहरूको पहुँच, भूमिका वा नियन्त्रण रहिरहने अवस्थालाई 'जेरोन्टोक्रेसी' भनिन्छ। नेपाली राजनीतिमा लामो समयदेखि 'जेरोन्टोक्रेसी' हाबी छ।

यहाँ जीवनको उत्तरार्द्धमा पुगेका नेताहरूको पार्टी वा सत्ता राजनीतिमा निर्णायक भूमिका छ। जसले गर्दा नवीन नेतृत्व र पुस्तान्तरणको मुद्दा पोखरीमा पानी जमेजस्तो बग्दै बग्दैन। वर्षौंवर्ष पार्टी वा सरकारको नेतृत्वमा उही अनुहारको हालीमुहाली भइरहँदा त्यसले एकातिर राजनीति गतिशील बन्न सकेन भने अर्कोतर्फ आमवृत्तमा निराशा र दिक्दारी थपिँदो छ। यस्तो अवस्था आउनुको एउटा प्रमुख कारण हो, राजनीतिक दलहरूमा मूल नेतृत्वको किटानी 'एक्जिट पोलिसी' (बहिर्गमन नीति) नहुनु। त्यसकारण नेतृत्वको 'एक्जिट पोलिसी' यतिबेला एउटा महत्त्वपूर्ण विमर्शको विषय हो। सत्तारूढ नेकपा (एमाले) को विधान महाधिवेशन नजिकिँदै गर्दा यो मुद्दा अझ बढी सान्दर्भिक भएको छ। आगामी भदौ २० देखि एमालेले तीन दिन विधान महाधिवेशन गर्ने भएको छ। उक्त विधान महाधिवेशनमा ७० वर्षे उमेर हद एउटा मुख्य मुद्दाका रूपमा रहनेछ। विधान महाधिवेशन नजिकिँदै गर्दा एमालेवृत्तमा भइरहेका बहस/अभ्यासहरूले त्यो संकेत गर्छ। एमाले सम्बद्ध बौद्धिक परिषद्ले ७० वर्षे उमेरहद लगायतका केही विषय समावेश गरेर डिजिटल सर्वेक्षण सुरु गरेको छ। सर्वेक्षणमा मूलतः पार्टीको संगठनात्मक संरचना, पदाधिकारी संख्या, उमेरहद, कार्यकारी पदमा दुई कार्यकालको सीमाजस्ता प्रश्न समावेश छन्। खासमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमालेमा फर्केको घोषणा गरेसँगै ७० वर्षे उमेरहदका आधारमा नेतृत्वको बहिर्गमन हुनुपर्ने लगायतका मुद्दा पुनः ब्युँतिएको हो।

तर, अध्यक्ष केपी शर्मा ओलीको बलियो वर्चस्व भएको केन्द्रीय कमिटीले उनलाई पार्टी प्रवेशमा रोक लगाइदियो। तत्कालका लागि भण्डारीको पार्टीमा फर्किने आकांक्षामा बिराम लागे पनि यसबीच उठेका उमेरहद लगायतका मुद्दाले चाहिँ एमालेमा प्रवेश पाएको छ। ७० वर्षे उमेरहदको विषयलाई लिएर एमालेभित्र दुईथरी धारणा छन्। पहिलो, प्रधानमन्त्री एवं अध्यक्ष ओली ७० वर्षे उमेरहदको प्रबन्ध फेल खाइसकेकाले त्यसको औचित्य नभएको धारणा राख्छन्। उनी भन्छन्, '७० वर्षे उमेरहदले फेल खाइसक्यो। अहिले म ७४ मा छु। ७० वर्षमा रिटायर्ड हुने भन्ने कुरा फेल खाएन त ? ७० वर्षमा रिटायर्ड हुन उमेर चार वर्ष घटाउन त भएन नि ! उमेरले होइन, स्वास्थ्यले साथ दिन्छ/दिँदैन, कार्यक्षमता हुन्छ/हुँदैन भन्ने मुख्य कुरा हो।' अर्को एउटा कार्यक्रममा त उनले ७० वर्षे उमेरहद लागू गर्ने भए आफू जेल बसेको १४ वर्ष घटाउनुपर्छ भनेर ठट्टा पनि गरे।

एमालेमा ओलीको पंक्ति बलियो छ। त्यसकारण अधिकांशले उनले जे भन्छन्, टाउको हल्लाएर सदर गरिदिन्छन्। तर, उनी इतरको पंक्ति पनि त्यहाँभित्र संगठित हुँदै छ, जो यी मुद्दामा फरक धारणा राख्छ। पूर्वराष्ट्रपति भण्डारीलाई पार्टीमा भित्र्याउन लागिपरेको समूहले ७० वर्षे उमेरहद र दुई कार्यकालको विषयलाई मुद्दा बनाएको छ। के राजनीतिमा सक्रिय हुने उमेर तोक्नु उचित हो ? एमालेभित्र हुर्कंदो विद्या-ओली द्वन्द्वसँगै



यो प्रश्न फेरि बहसको विषय बनेको छ। यो प्रश्नमा थप विवेचना गर्नुअघि एमालेले उमेरहदका विषयमा के-कस्तो अभ्यास गर्दै आयो, त्यो हेरौं।

एमालेले २०७८ असोजमा भएको विधान महाधिवेशनबाट एउटै व्यक्ति कार्यकारी पदमा दुई अवधिभन्दा बढी रहन नपाउने र ७० वर्ष उमेर कटेपछि सम्मानजनक रूपमा बिदा हुनुपर्ने प्रबन्ध गरेको थियो। तर, आफूअनुकूल निर्णय बदलिरहने नेतृत्वले यसको बलियो कार्यान्वयन गरेन। एकीकृत समाजवादीबाट ७० कटेका मुकुन्द न्यौपानेलाई पार्टीमा फर्काउने बहानामा उक्त प्रबन्धलाई निलम्बनमा राखियो। जसले गर्दा ७० पुग्दै गरेका एमालेका अरू धेरैलाई नेतृत्वमा रहिरहने बाटो खुल्यो। सबै 'तैं चुप, मै चुप' भए। एमालेले २०७८ मा उमेरहदको प्रबन्ध राख्दा पार्टीलाई लोकतान्त्रीकरण गर्न, जीवन्त र गतिशील बनाउन पार्टीमा प्रवेश गर्ने र सम्मानजनक रूपमा बिदाइ हुने प्रणाली स्थापित हुनुपर्छ भनेर वकालत गरेको थियो। त्यसबेला उसले पार्टी नेतृत्व निर्माणमा तीन पुस्ताको योजनाबद्ध र वैधानिक प्रबन्ध आवश्यक ठान्यो। प्रतिवेदनमा भनियो, 'अनुभवी र पाको उमेरको नेतृत्व पंक्तिले पार्टीभित्र मैत्रीपूर्ण अभिभावकीय भूमिका निर्वाह गर्ने परिपाटी बसाउँदै पार्टीको लोकतान्त्रीकरणको प्रक्रियालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु आवश्यक छ।' २०७८ को विधान महाधिवेशनले ७० मा हिँड्दै गरेका ओलीलाई नै लाभ हुने गरी '७० वर्ष पूरा नहुँदासम्म पार्टी नेतृत्वका लागि उम्मेदवार हुन पाउने र कार्यकाल पूरा नहुँदासम्म जिम्मेवारीमा रहन पाउने' प्रबन्ध गरिदिएको थियो। ११ फागुन २०७८ मा ७० वर्ष पूरा हुने ओलीले त्यसै कारण २०७८ मंसिरमै महाधिवेशन गराएका थिए। अहिले उनी उमेरहदको प्रबन्ध असफल भइसकेको भन्दै 'अवकाश लिन ४ वर्ष उमेर घटाउने ?' पो भन्दै छन्। र, प्रश्न गर्दै छन्- उमेर हेर्ने कि योग्यता ? जब-जब राजनीतिमा नेतृत्व हस्तान्तरण वा पुस्तान्तरणको सन्दर्भ आउँछ- स्वाभाविक हिसाबले उमेरहद तोक्ने कुरा पनि सँगै आउँछ। र, सँगै प्रश्न पनि उठ्छ- 'के राजनीतिमा सक्रिय हुने उमेर तोक्नु उचित हो ?' वा, उमेरका आधारमा अवकाश तोक्ने कि योग्यताका आधारमा ? यो प्रश्नमा पनि दुईथरी मत छन्।

साभार : कान्तिपुर।


पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।




सम्पर्क –: ढिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday